## बकैया गाउँकार्यपालिकाको मिति २०७५।७।२० गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

### १. नागरिकता शिविर संचालन सम्बन्धमा :-

बकैया गाउँपालिकाकाको वडा नं ३ हात्तिसुँडे, वडा नं ६ को जुइना, वडा नं १ को महादेवडाँडा र वडा नं १२ को ठिंगनमा नागरिकता शिविर संचालन गर्न जिल्ला प्रशासन कार्यालय मकवानपुरलाई अनुरोध गर्ने निर्णय गरियो । साथै शिविर संचालन गर्दा हुने व्यवस्थापन खर्च गाउँपालिकाको तर्फबाट व्यहोर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

### २. भुक्तानी सम्बन्धमा:-

बकैया गाउँपालिका सँग माग गरिएका तपशिल बमोजिमको कार्यक्रम संचालन/व्यवस्थापनको लागि गाउँपालिकाबाट देहाय बमोजिम रकम भुक्तानी गर्ने निर्णय गरियो ।

तपशिल

- बुद्ध युवा क्लव, बकैया-३ हात्तिसुँडेले आयोजना गरेको तिज पर्वको शुभकामना आदान प्रदान कार्यक्रमको लागि बढिमा रु २५,०००।००
- डाँफे महिला बचत तथा ऋण सहकारी समुह बकैया ९ ले आयोजना गरेको तिज पर्वको शुभकामना आदान प्रदान कार्यक्रमको लागि बढिमा रु १०,०००।००
- बकैया ७ मामदमारमा विजयमा दशमी तथा शुभ दिपावलीको अवसरमा आयोजना गरिएको साँस्कृतिक कार्यक्रमको लागि बढिमा रु २०,०००।००

### ३. स्वास्थ्य कार्यक्रम संचालन निर्देशिका, २०७५ सम्बन्धमा:-

'बकैया गाउँपालिकाको स्वास्थ्य कार्यक्रम संचालन निर्देशिका,२०७५' लाई पारित गर्ने निर्णय गरियो ।

### ४. बालमैत्री कार्यक्रम सम्बन्धमा:-

क) बकैया गाउँपालिका भित्र संचालन हुने बालमैत्री कार्यक्रमलाई प्रभावकारी बनाई निर्धारित समय भित्र नै निश्चित वडा तथा गाउँपालिकालाई नै बालमैत्री घोषणा गर्ने अभियानलाई तिव्र बनाउन बकैया गाउँपालिका उपाध्यक्ष ज्यूको संयोजकत्वमा तपशिल बमोजिमको बालमैत्री कार्यक्रम संचालन कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपशिल

| | | |
|---|---|---|
| १. | गाउँपालिका उपाध्यक्ष | संयोजक |
| २. | शिक्षा ईकाइ प्रमुख | सदस्य |
| ३. | स्वास्थ्य इकाई प्रमुख | सदस्य |
| ४. | महिला विकास ईकाइ प्रमुख | सदस्य |
| ५. | वडा अध्यक्षहरु मध्येबाट कार्यपालिकाले तोकेको १ जना | सदस्य |
| ६. | गाउँपालिका स्तरीय बाल संजालको अध्यक्ष | सदस्य |
| ७. | बालमैत्री कार्यक्रम हेर्ने फोकल पर्सन | सदस्य सचिव |

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर

ख) नेपाल सरकारबाट जारी भएको बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८, बालमैत्र स्थानीय शासन कार्यान्वयन कार्यविधी २०६८ र बालमैत्री स्थानीय तह घोषणा कार्यविधि, २०७० बकैया गाउँपालिकाको सन्दर्भमा पनि उपयोगी देखिएको हुँदा यसलाई अनुमोदन गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

ग) बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ मा तोकिएका न्यूनतम ३९ वटा सूचकहरु यस गाउँपालिका अन्तर्गतका सबै वडाहरुलाई उपयुक्त हुने देखिएकोले उक्त सूचकहरु नै निर्धारण गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

घ) बालमैत्री स्थानीय शासनका विभिन्न गतिविधिहरु समन्वय तथा सहजीकरण गर्नका लागि गाउँपालिकामा सामाजिक विकाश शाखालाई गाउँ बालमैत्री सम्पर्क शाखा र उक्त शाखाका ना सु श्री शिवराम बोहरालाई बालमैत्री गाउँपालिका सम्पर्क व्यक्ती तोक्ने निर्णय गरियो।

ङ) बकैया गाउँपालिकामा सामाजिक परिचालक पदमा कार्यरत श्री गंगा फूँयाल र श्री प्रेमराज घलानलाई बालमैत्री सहजकर्ता तोक्ने निर्णय गरियो।

च) बकैया गाउँपालिका क्षेत्रका विद्यालय तथा समुदायस्तरमा गठील बाल समूहहरु र वडा तथा गाउँपालिका स्तरीय बाल समुह सञ्जाललाई प्रभावकारी ढंगले परिचालन गर्न नेपाल सरकारबाट जारी गरिएको नमुना *बालबालीकाको संगठन निर्माण र सहजीकरण मार्गदर्शन २०७४* सुधार सहित स्विकार गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

छ) बालमैत्री स्थानीय शासन सम्बद्ध सबै सरोकारवालाहरुको सहभागितामा तयार गरिएको बालमैत्री आचार संहिता पारित गर्ने निर्णय गरियो साथै छपाइ गरी वडामा वितरण तथा कार्यान्वयन गर्ने निर्णय गरियो।

ज) बालमैत्री स्थानीय शासन सम्बद्ध सबै सरोकारवालाहरुको सहभागितामा बालमैत्री स्थानीय शासनका सूचकहरु मापन योग्य हुनेगरी सरलीकरण गरिएकोले सबै वडामा कार्यान्वयन गर्नका लागि पारित गर्ने निर्णय गरियो।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
३ नं. प्रदेश, नेपाल

दामोदर घलान
अध्यक्ष